# काठेखोला गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ को पहिलो चौमासिकको

## सार्वजनिक सुनुवाई तथा प्रगति प्रतिवेदन

**क. पृष्ठभूमि:**

नेपाल सरकारको मिति २०७३।११।२७ गतेको निर्णय बमोजिम स्थापना भएको काठेखोला गाउँपालिका २८° १५" उत्तरी अक्षांश देखि २८° ३७" उत्तरी अक्षांश तथा ८३° पूर्वी देशान्तर देखि ८३° ३६" पूर्वी देशान्तरमा अवस्थित ८२.८८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा महिला १२२७० र पुरुष १०२५६ गरि जम्मा जनसंख्या २२५२६ र कुल परिवार संख्या ५८९२ रहेको छ। कुल साक्षरता ७८.४ प्रतिशत रहेको छ ।

जनताले प्राप्त गर्ने सार्वजनिक सेवाका रुपमा रहेका विभिन्न खालका सेवाहरु उपलब्ध गराई नागरिकहरुलाई नजिक राख्नु स्थानीय सरकारको दायित्व हो । काठेखोला गाउँपालिकाले लिएका निति कार्यक्रम र योजनाहरुलाई सफल बनाउनका लागि नागरिक पहुँच र संलग्नतालाई अभिबृद्धि गर्दै सार्वजनिक सुनुवाईको प्रक्रियाद्वारा सरोकारवालाहरूलाई जानकारी गराउने प्रयत्न गरीएको छ । स्थानीय तहले प्रदान गर्ने सेवा सुविधा, जनमुखी, उत्तरदायी र जवाफदेही बनाउने अभियानलाई उच्च प्राथमिकतामा राखी कार्य गरिरहेको छ।

काठेखोला गाउँपालिकाले लिएको नीति तथा कार्यक्रम र योजनाले समाजको आवश्यकता परिपूर्ति गर्ने अपेक्षा गरिएको छ ।गाउँ पालिकाको कार्यक्रम तथा बजेटलाई प्रभावकारी बनाई सेवा प्रवाहलाई चुस्त दुरूस्त बनाउनको लागि यो सार्वजनिक सुनाईबाट प्राप्त हुने सुझावले मद्दत गर्नेछ ।

चालु आ.व.२०८१/०८२ को प्रथम चौमासिकमा सञ्चालन भएका योजना, कार्यक्रम र सेवा प्रवाह सञ्चालन सम्बन्धी प्रगति समिक्षा यस सार्वजनिक सुनुवाईमा प्रस्तुत गर्ने प्रयास गरिएको छ।

**उद्देश्य:**

- गाउँपालिकाको कार्यालय र वडाहरुबाट प्रदान गरिने विभिन्न सेवाहरु र सञ्चालित क्रियाकलापहरुका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने।
- काठेखोला गाउँपालिकाका आम नागरिक विशेष गरी महिला, गरिब पिछडिएका एवम् बञ्चित वर्ग समुदाय प्रति उत्तरदायी रही कार्यक्रमलाई, पारदर्शी तुल्याउँदै उनीहरुको चासो प्रति संवेदनशिल र जवाफदेही बन्ने ।
- सेवा प्रति आम जनसमुदायका अधिकार, जिम्मेवारी र अपनत्वको भावना विकास गर्ने।
- आम नागरिकहरूलाई जवाफदेही बनाई विकास निर्माण र सेवा प्रवाहमा अपेक्षित उपलब्धिहरु हासिल गर्ने कार्यमा योगदान पुऱ्याउने।
- आम नागरिक र गाउँपालिका बिच सूचना आदानप्रदान, बहस, छलफल र नियमित संबाद गर्ने परिपाटीको विकास गर्ने।
- योजना तथा कार्यक्रम सञ्चालनमा देखिएका कमि कम्जोरीहरू प्रति सुधारको प्रयास गर्ने ।

**ख. कार्यालयबाट प्रदान गरिने सेवा:**

यस कार्यालयमा विभिन्न ११ वटा शाखाहरु, १. सेवा केन्द्र (रोजगार सेवा केन्द्र) र २. ईकाईहरु (सामाजिक सुरक्षा तथा पञ्चिकरण ईकाई) रहेका छन्। गाउँपालिका अन्तर्गत रहेका ८ वटा वडा कार्यालयहरु, ७ वटा स्वास्थ्य चौकीहरु, ५ वटा सामुदायिक स्वास्थ्य ईकाईहरु, १ वटा आधारभुत सामुदायिक स्वास्थ्य ईकाई रहेका छन्। कार्यालयका सबै शाखाहरुबाट दैनिक प्रशासनिक कार्यको साथसाथै योजना निर्माण, भौतिक पूर्वाधार निर्माण, जनस्वास्थ्यसँग सम्बन्धित सेवाहरु, आर्थिक प्रशासन, कृषि पशुसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरि कृषकहरुलाई कृषिमा प्रोत्साहन गर्ने, जनस्वास्थ्यमा आउने समस्याको उपचार तथा स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने, शिक्षा क्षेत्रमा सुधार, विद्यालय व्यवस्थापन

गुणस्तरिय शिक्षाको लागि निति निर्माण, कार्यान्वयन तथा अनुगमन, सामाजिक सुरक्षा भत्ता वितरण, वडा कार्यालय मार्फत व्यक्तिगत घटना दर्ता तथा पञ्जिकरणको काम, साना तथा घरेलु उद्योग स्थापना गरि नागरिकलाई आत्मनिर्भर गराउने विभिन्न उद्योग सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने, महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको उत्थानको लागि कार्यक्रमहरु सञ्चालन गर्ने, गाउँपालिका भित्र रहेका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा समावेश गर्नको लागि रोजगार सेवा केन्द्र मार्फत रोजगारीका कार्यक्रमहरु सञ्चालन गर्ने, कार्यालयका कार्यक्रमहरुको सूचना प्रकाशन गरि आमनागरिक तथा सम्बन्धित सबै सरोकारवालालाई जानकारी गराउने, आर्थिक कारोवारका श्रेष्ता राखे, गाउँपालिकाबाट सञ्चालन गर्न नसकिने योजना/आयोजनाको लागि प्रदेश तथा संघीय सरकार र अन्य निकायमा माग गर्ने, विभिन्न कार्यालय, मन्त्रालय लगायत सम्बन्धित निकायहरुमा सिफारिस गर्ने, गाउँपालिकाको आन्तरिक आय बृद्धि गर्नको लागि राजश्व संकलन गर्ने लगायतका कार्य/सेवा कार्यालयबाट सञ्चालन हुने गर्दछन्।

## ग. आ.व.२०८१/८२ को प्रथम चौमासिकका मुख्य मुख्य उपलब्धीहरु:

आ.व.२०८१/०८२ को प्रथम चौमासिक सम्म सम्पादन गरिएका कार्य तथा सेवा प्रवाहलाई शाखागत रुपमा सरोकारवालामा जानकारि गराउने प्रयास गरिएको छ।

**प्रशासन शाखा**

- कार्यालयको दैनिक प्रशासन सम्बन्धि सम्पूर्ण कार्यहरु सञ्चालन गरिएको छ।
- विभिन्न निकायमा ३९१ वटा पत्र पठाईएको र विभिन्न निकायबाट ११६२ वटा पत्र प्राप्त भएको छ।
- सूचनाहरु वेवसाईट मार्फत प्रकाशन गरिएको छ।
- मनसुन विपदबाट क्षतिग्रष्त भएको भवन, संरचना तथा त्यसबाट विस्थापित भएका घरपरिवारको विपद घटेकै स्थानमा पुगी ४ घरधुरीको स्थलगत सर्वेक्षण गरि मोबाईल एप्लिकेसनमा प्रविष्ट गरिएको छ।
- आ.व.२०८१/०८२ को प्रथम चौमासिकमा ४ वटा कार्यपालिका बैठक बसेको छ ।

**योजना तथा अनुगमन शाखा**

- चालु आ.व. को प्रथम चौमिकसमा विभिन्न वडाहरुमा उपभोक्ता समिति मार्फत र ठेक्का गरी ५९ वटा योजनाहरु सम्झौता भएका र ७ वटा कार्य सम्पन्न भएका छन् ।
- योजना सम्बन्धी कार्यमा सहजतका लागि सफ्टवयर मार्फत कार्य गरिएको छ ।
- योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुगमनलाई प्रभावकारी रुपमा संञ्चालन गरिएको छ

**आर्थिक प्रशासन शाखा**

- काठेखोला गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशनले मिति २०८१।०३।१० गते चालु खर्च तर्फ रू. ३८२०२० र पूजीगत र्तफ रू. २०५७०३ गरी जम्मा रु. ५८७७२३ (रू. हजारमा) को स्वीकृत बजेट कार्यान्वयनमा रहेको छ ।
- चालु आ.व.मा कुल बजेटको आय तर्फ समानिकरण ३१.१७, आन्तरिक श्रोत ३९.०९, राजश्व तर्फ १९.०७ गरि कुल २८.४८% अर्थात ४२०३३६७।८६ रूपैया आम्दानी भएको छ ।
- चालु खर्च शिर्षकमा प्रथम चौमासिकमा २४.०५ र पूजिगत तर्फ १३.२४ गरी कुल २०.७ % अर्थात रू. १२११६६०५२८।९८ खर्च हुन पुगेको छ।

**प्राविधिक शाखा**

- २०८१/०८२ का ३ वटा ठेक्का मार्फत सञ्चालन गर्ने गरि सम्झौता गरिएको छ
- जिम्मेवारी सरि आएका ३ वटा ठेक्का कार्यान्वयको चरणमा रहेका छन्।
- ... चरणमा रहेको छ ।

## सूचना तथा प्रविधि शाखा

- कार्यालयको वेबसाईट तथा फेसबुक मार्फत सूचना प्रकाशन गरिएको।
- पहिलो पटक वेवसाईट मार्फत सर्वसाधारण तथा सरोकारवालाको जानकारीको लागि स्वतः प्रकाशन सार्वजनिक गरिएको।
- पहिलो पटक गाउँ कार्यपालिकाको निर्णहरू वेवसाईट मार्फत सर्वसाधारण तथा सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको।

## पञ्जिकरण तथा सामाजिक सुरक्षा ईकाई

- पहिलो चौमासिकमा व्यक्तिगत घटना दर्ता अन्तर्गत जम्मा ३५८ वटा व्यक्तिगत घटना वडा कार्यालयमा दर्ता गरिएको छ
- काठेखोला गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको विवरण एम.आई.एस.प्रणालीमा ईन्ट्री गरी सूचना व्यवस्थापन गरिएको छ।
- ६८ वर्ष पुरा भएका जेष्ठ नागरिकहरुसँग निवेदन संकलन गरी एम.आई.एस.प्रणालीमा ईन्ट्री गरी जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।
- आर्थिक वर्ष २०८१/०८२ का लागि सम्पूर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नविकरण तथा फोटो सहितको विवरण अध्यावधिक गरिएको छ।
- सामाजिक सुरक्षा भत्ता ग्रिन डेभलपमेन्ट बैङ्क, सिटिजन्स बैङ्क, माछापुच्छ्रे बैङ्क, प्रभु बैंक र ग्लोबल आई एम ई बैंक मार्फत वितरण गर्दै आईरहेको छ ।
- यस काठेखोला गाउँपालिकाबाट जेष्ठ नागरिक, दलित, एकल महिला, विधवा, 'क' वर्ग अपाङ्ग, 'ख'–वर्ग अपाङ्ग, दलित बालबालिका पोषण भत्ता गरि जम्मा लाभग्राहीहरु ३८३२ जनाको २०८१ असोज मसान्त सम्मको सामाजिक सुरक्षा भत्ता निकासा गरि वितरण गरिएको छ।

## शिक्षा युवा तथा खेलकूद शाखाः

- विद्यालयहरुको तलब भत्ता, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान निकासा गरिएको छ।
- प्रध्यानाध्यापकहरुको नियमित बैठक, विद्यालय अनुगमन, शिक्षा प्रशासन लगायत कार्यहरु गरिएको छ।
- शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका माध्यमिक तहमा १ जना स्थायी शिक्षकको पदस्थापना गरिएको छ।
- सिकाइ परियोजना अन्तर्गत थप २० वटा विद्यालयका प्र.अ. र सहजकर्ताहरूको लागि अभिमुखिकरण तालिम सञ्चालन गरिएको छ ।
- बालदिवसको अवसरमा हस्तलेखन चित्रलेखन र निबन्धलेखन प्रतियोगिता सञ्चालन गरिएको छ ।
- विद्यार्थी सत्यापन गरिएको छ ।

## जनस्वास्थ्य शाखाः

- विश्व स्तनपान सप्ताह (1st- 7th Aug 2024) को अवसरमा विद्यालय तथा समुदाय स्तरमा सचेतनामुलक स्वास्थ्य शिक्षा तथा प्रदर्शनी कार्यक्रमहरु संचालन गरीएको ।
- आ.व. २०८०।०८१ को वार्षिक प्रगति प्रतिवेदन "काठेखोला स्वास्थ्य डायरी "Kathekhola Health Diary" प्रकाशन गरीएको ।
- स्वास्थ्य शाखाको वार्षिक कार्ययोजना र खोप कार्यक्रमको सुक्ष्म योजना निमार्ण गरीएको ।
- ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम संचालन गरीएको छ ।
- राष्ट्रिय भिटामिन ए तथा जुकाको औषधि खुवाउने कार्य गरिएको छ ।
- समुदाय स्तर तथा विद्यालयहरूमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन छ ।
- आमा समुह बैठक संचालन तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुको मासिक बैठक सञ्चालन भएका छन् ।

- प्रसूति सेवा, आमा सुरक्षा कार्यक्रम, सुत्केरी जाँच, गर्भपतन सेवा तथा नियमित खोप कार्यक्रमहरु सञ्चालन गरिएको छ।
- नियमित परिवार नियोजनका साधनहरुको सेवा प्रदान गरिएको छ।
- आयुर्वेदिक औषधालयबाट औषधी बिरामीहरुलाई निशुल्क रुपमा वितरण गरिरहेको छ।

**पशु विकास शाखाः**

- यस काठेखोला गाउँपालिका पशु विकास शाखाको ५०% अनुदानमा नयाँ बाख्रा विकास कार्यक्रम तथा फर्म यान्त्रिकरणको सूचना प्रकाशित गरि निवेदन संकलन गरिएको छ ।
- कृषकहरुलाई निशुल्क रुपमा पशु स्वास्थ्य औषधी वितरण गरिएको छ।

**कृषि विकास शाखाः**

- ५०% अनुदानमा नयाँ मौरी पकेट विकास कार्यक्रम (संघीय शसर्त) समानिकरण अन्तर्गतको फलफुल, मौरी, अलौंची, अदुवा वेसार कार्यक्रमको सूचना प्रकाशन गरि आवेदन संकलन गर्ने कार्य गरिएको छ ।
- गत वर्षको पकेट फ्लो अप कार्यक्रमको सूचना प्रकाशन गरि आवेदन संकलन गर्ने कार्य गरिएको छ ।
- विषादीहरु एवम् तरकारीका विउहरु खरिद गरि कृषकहरुलाई वितरण गरिएको छ।

**उद्यम विकास शाखाः**

- उद्यम विकास समितिको बैठकबाट नयाँ लघु उद्यमी सिर्जनाका लागी वडा नं. २, ३, ५ र ७ तथा भई रहेका उद्यमीहरूको स्तरोन्नती तर्फको कार्यक्रम सञ्चालन गर्न बाँकी रहेका वडा नं. १,४, ६ र ८ छनौट भई कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेको ।

**राजश्व शाखाः**

- वडा नं. १, २, ६, ७ र ८ का वस्तीहरूमा ३ चरणमा ८३ वटा पसल तथा व्यवसायहरूको स्थलगत बजार अनुगमन गरिएको ।
- आ.व. ०८१/८२ को प्रथम चौमासिकमा रू. २९,४५,६६४।४४ राजश्व संकलन गरिएको छ । (पालिका- २,९५,३३२.६१, वडा हरूमा क्रमश, २,५५,११८।७३, ३,२१,८५५।६५, २,६६,२९६।६८, ५,१४,१०३।३४, ३,८९,७८४।०३, २,२९,५०३।३७, ३,३८,२७३।४५, ,३,३५,३९६।५७)

**वन, वातावरण तथा विपद् शाखा**

- मौसमजन्य विपद तथा असिनाबाट प्रभावित  ३४ वटा निवेदन प्राप्त भएको छ ।
- घर गोठ, घर र गोठ भत्केको विस्थापितहरूको लागि राहत १० जनालाई उपलब्ध गराईसकिएको

**महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाः**

- क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरूको अवस्था अनुगमन गरिएको ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण साथै अभिमुखिकरण गरिएको ।
- अपाङ्गता परिचयपत्र १० वटा, जेष्ठ नागरिक परिचयपत्र १४ वटा वितरण गरिएको ।

**रोजगार सेवा केन्द्रः**

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ३२ जनालाई १०० दिन बराबरको रोजगारीको लागि ६ वटा योजना सम्झौता सम्पन्न गरि रोजगारिमा खटाईएको र अन्य वडामा योजनाको सम्झौता  प्रक्रियामा रहेको ।
- वैदेशिक रोजगारीको क्रममा यू.ए.ई मा दुर्घटनामा परेका काठेखोला गाउँपालिका ०५ का १ जना श्रमिकको उद्दार गरि नेपाल फर्काई राहत क्षतिपुर्तिको प्रकिया अगाडि बढाईएको ।

- वैदेशिक रोजगार सन्तत्ती छात्रावृत्तीतर्फ वैदेशिक रोजगारीमा गई मृत्यू भएका, विरामीभई अंगभगं भई शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका १८ वर्ष मुनिका १९ जना छात्रछात्राहरुको निवेदन संकलन गरि वैदेशिक रोजगार बोर्डमा पठाईएको।
- आ.व २०८१/८२ मा श्रम स्विकृत सेवा तर्फ ३८ जनालाई श्रम स्विकृत सेवा प्रदान गरिएको ।

## घ. भावि कार्यदिशा र सुझावः

### १. भावि कार्यदिशाः

काठेखोला गाउँपालिकामा चुनौति र अवसरहरु दुबै रहेका छन्। ८ वटा वडाहरुमा विभाजित यस गाउँपालिकाको धरातलिय स्वरुप भिरालो, छरिएर रहेको बस्ती, बसाई सराई भई जाने परिवारहरुको संख्यामा बृद्धि, खेतियोग्य जमिन बाँझो भई उत्पादकत्वमा कमि, सिंचाईको अभाव, खानेपानीको उपलब्धता भए पनि स्वच्छताको अभाव जस्ता चुनौतिहरु रहेका छन्। रोजगारीको सिलसिलामा यहाँको बौद्धिक तथा उत्पादनशिल जनशक्ती विदेश जाने मोहले गर्दा समस्याहरु उत्पन्न भएका छन् भने आम समुदायका चाहना र आकांक्षाहरु उच्च रहेका छन्। यति हुँदा हुँदै पनि यस गाउँपालिकामा थुप्रै अवसरहरु पनि रहेका छन्। कृषि योग्य भूमि, पर्यटकीय तथा धार्मिक स्थल, सडक सञ्जाल जस्ता विकासका संभावनाहरु विद्यमान रहेका छन्। यिनै चुनौति र अवसरहरुलाई मध्यनजर गर्दै आम नागरिकका समस्याहरुलाई प्राथमिकताको आधारमा वार्षिक बजेट, नीति तथा कार्यक्रममा समावेश गरी अगाडी बढ्ने काठेखोला गाउँपालिकाको भावि कार्यदिशा रहेको छ।

### २. सुझावहरुः

- आम नागरिकका समस्याहरुको पहिचान गरि अल्पकालिन र दिर्घकालिन योजना तथा कार्यक्रम सञ्चालन गर्न अग्रसर हुने।
- गाउँपालिकाको विकासको लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरि अगाडी बढ्ने।
- योजना तथा कार्यक्रमलाई समयमा सञ्चालन गरि तोकिएको समयमा सम्पन्न गर्ने ।
- नेपालको संविधान तथा कानूनको परिधि भित्र रही सेवा प्रवाह सरल र सहजरुपले सञ्चालन गर्ने।

चूर्ण बहादुर कार्की

प्रमुख प्रशासकीय अधिकृत